RELIANCE LIFE INSURANCE
खुलेर जिऔं

# आर्थिक वर्ष २०७८/७९ को प्रथम त्रैमासिक (आश्विन मसान्त) सम्मको वित्तीय विवरण

(रकम रु. हजारमा)

| क्र.सं. | विवरण | लेखा परिक्षण नभएको यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो आ.व. को सम्बन्धित त्रैमासिकका अन्त्य सम्ममा |
|---|---|---|---|---|
| | **वासलात** | | | |
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | ५,४१४,४७२ | ४,९५८,७६२ | ३,६८७,८९८ |
| १.१ | चुक्ता पूंजी | २,१००,००० | २,१००,००० | २,१००,००० |
| १.२ | जगेडा तथा कोष | २६३,४९० | २०५,२१० | १७३,०१३ |
| १.३ | जीवन बीमा कोष | ३,०२१,७०५ | २,६३०,७५० | १,३९५,६६१ |
| १.४ | महाबिपत्ती कोष जगेडा | २९,२७७ | २२,८०१ | १९,२२४ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | - | - | - |
| २ | उपयोग(२.१ देखि २.६ सम्म) | ५,४१४,४७२ | ४,९५८,७६२ | ३,६८७,८९८ |
| २.१ | स्थिर सम्पति(खुद) | ७१,४४७ | ७१,१६४ | ७८,३१६ |
| २.२ | दीर्घकालिन लगानी तथा कर्जा | २,५६१,८४१ | १,८८०,१४२ | १,७५४,९६५ |
| २.३ | बीमालेखको धितोमा कर्जा | २५१,५६३ | २१९,३२२ | १७०,०८९ |
| २.४ | अन्य दीर्घकालिन कर्जा | ७६,२३० | ८७,७७४ | ६५,८५२ |
| २.५ | खुद चालु सम्पत्ती (३-४) | २,४५३,३९० | २,७००,३६० | १,६१८,६७६ |
| २.६ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | - | - | - |
| २.७ | नाफा नोक्सान हिसाववाट सारेको नोक्सान | - | - | - |
| | खूद चालु सम्पत्तीको विवरण | - | - | - |
| ३ | चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु (३.१ देखी ३.३ सम्म) | ३,०६७,९२० | ३,०३२,८१७ | १,७९६,७२४ |
| ३.१ | नगद तथा बैंक मौज्दात | २१५,००० | ३०४,१७७ | २०४,८३३ |
| ३.२ | अल्पकालीन लगानी तथा कर्जा | २,५९६,४१४ | २,३२५,५४८ | १,४४८,६९० |
| ३.३ | अन्य सम्पत्ती | २५६,५०७ | ४०३,०९२ | १४३,२०२ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखी ४.४ सम्म) | ६१४,५३१ | ३३२,४५७ | १७८,०४८ |
| ४.१ | चालु दायित्व | ५६०,६५६ | २७१,६३४ | १३६,५४१ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | १५,५४८ | ४०,५५१ | २३,२७१ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ५,००१ | - | ५,४६३ |
| ४.४ | अन्य व्यवस्था | ३३,३२५ | २०,२७३ | १२,७७४ |
| | **नाफा नोक्सान हिसाव** | | | |
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | ६६,०३७ | १४५,१०४ | ४४,९९० |
| १.१ | आय व्यय हिसावबाट सारेको | १७,५१६ | १५,८२६ | ५,५९६ |
| १.२ | जीवन बीमा कोषवाट सारेको | - | - | - |
| १.३ | लगानी कर्जा तथा अन्यवाट आय | ४८,२८६ | १२८,०८१ | ३८,८६२ |
| १.४ | व्यवस्था फिर्ता | - | २८२ | ४७७ |
| १.५ | अन्य आम्दानी | २३५ | ९१५ | ५६ |
| २ | व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८ सम्म) | २४,४८१ | ७४,९५८ | १४,९१७ |
| २.१ | व्यवस्थापन खर्च | ११,०२५ | ५२,४९२ | ८,२९३ |
| २.२ | अपलेखन खर्च | - | - | - |
| २.३ | शेयर सम्बन्धी खर्च | ५७० | १२,५४४ | ३,१३५ |
| २.४ | अन्य खर्चहरु | ५७ | १,३९३ | १९ |
| २.५ | नोक्सानीको लागी व्यवस्था | ८,२१२ | ७३४ | १२९ |
| २.६ | कर्मचारी आवास व्यवस्था | - | - | - |
| २.७ | कर्मचारी वोनस व्ययवस्था | ४,६१७ | ७,७९४ | ३,३४१ |
| २.८ | समायोजित आयकर | - | - | - |
| २.९ | जीवन बीमा कोषमा सारेको | - | - | - |
| | खुद नाफा/नोक्सान(१-२) | ४१,५५६ | ७०,१४६ | ३०,०७३ |
| | **एकिकृत आय व्यय हिसाव** | | | |
| १ | आय (१.१ देखी १.७ सम्म ) | ८४२,१५८ | २,७८४,४७० | ५२७,४६९ |
| १.१ | बीमाशूल्क (खूद) | ७३५,५५० | २,५१७,५५४ | ४६५,२३० |
| १.२ | पुनर्बीमा कमिसन आय | - | - | - |
| १.३ | लगानी, कर्जा तथा अन्यवाट आय | ५८,६५० | २१५,६०३ | ३१,१३६ |
| १.४ | बीमालेखको धितोमा कर्जावाट आय | ५,८८६ | १८,६८० | १,५५८ |
| १.५ | अन्य प्रत्यक्ष आय | १,५२१ | ३,११० | १,१८० |
| १.६ | त्रैमासिकको शुरुको भूक्तानी हुन बाँकी दावी बापत व्यवस्था | - | - | - |
| १.७ | त्रैमासिकको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | ४०,५५१ | २९,५२२ | २८,३६५ |
| २ | व्यय (२.१ देखी २.१० सम्म) | ४०७,९११ | १,२७९,१२१ | २६७,१२१ |
| २.१ | दाबी भुक्तानी (खुद ) | १४२,९२३ | ३२०,५१९ | ६७,८४२ |
| २.२ | अभिकर्ता कमिशन | १३६,३९९ | ४१७,६८८ | ९०,८७९ |
| २.३ | स्वास्थ्य परीक्षण शुल्क | १,४६० | २,७५६ | ३७७ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | - | - | - |
| २.५ | सेवा शुल्क (खुद) | ७,३५६ | २५,१७६ | ४,६५२ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | - | - | - |
| २.७ | व्यवस्थापन खर्च | ९९,२२४ | ४७२,४३२ | ७४,६३७ |
| २.८ | आयकर | - | - | - |
| २.९ | त्रैमासिकको अन्त्यको भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था | ५,००१ | - | ५,४६३ |
| २.१० | त्रैमासिकको असमाप्त जोखिम बापत व्यवस्था | १५,५४८ | ४०,५५१ | २३,२७१ |
| ३ | वचत(१-२) | ४३४,२४७ | १,५०५,३४८ | २६०,३४८ |
| ३.१ | जीवन बीमाकोषमा सारेको | ४१६,७३२ | १,४८९,५२३ | २५४,७५२ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | १७,५१६ | १५,८२६ | ५,५९६ |
| | **अन्य विवरण** | | | |
| १ | कुल बीमाशूल्क आर्जन रकम (रु. हजारमा) (यस आ.व.) | ७९५,८८१ | २,६०२,५०४ | ४८२,८२८ |
| २ | कुल बीमाशूल्क आर्जन रकम (रु. हजारमा) (हाल सम्म) | ५,६३९,६९२ | ४,८४३,८११ | २,७२४,१३४ |
| ३ | कुल जारी बीमालेखको संख्या (यस आ.व.) | ९१,९८९ | ४१४,२९० | ४,१३८ |
| ४ | कूल दावी भुक्तानी रकम (रु. हजारमा) (यस आ.व.) | १६७,३४९ | ३५०,०८२ | ६६,६५३ |
| ५ | कूल दावी भुक्तानी संख्या (यस बर्ष) | १९१ | ३९८ | १२ |
| ६ | भुक्तानी हुन बाँकी दावी रकम (रु. हजारमा) | ४,३४९ | - | ४,७५० |
| ७ | भुक्तानी हुन बाँकी दावी संख्या | ४८ | - | ४ |

**द्रष्टव्य:**
१. लेखापरिक्षण नभएका अंकहरु नियमन निकायको निर्देशन तथा लेखापरिक्षण पश्चात हेरफेर हुन सक्नेछन्।
२. कम्पनीको माथि उल्लेखित असमाप्त जोखिम बापतको व्यवस्था बीमाङ्कीय मुल्यांकन पश्चात परिवर्तन हुन सक्नेछ
३. कम्पनीको माथि उल्लेखित मुनाफा बीमाङ्कीय मुल्यांकन पश्चात परिवर्तन हुन सक्नेछ।

## आ.व.२०७८/७९ को प्रथम त्रैमासिक प्रतिवेदन
## (धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) को प्रयोजनका लागि)

**१. वित्तीय विवरण:**

**क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यस कम्पनीको आ.व. २०७८/७९ को प्रथम त्रैमासिकको वासलात, नाफा नोक्सान सम्बन्धी वित्तीय विवरण यसैसाथ प्रकाशित गरिएको छ।**

कम्पनीले आ.व. २०७८/७९ को प्रथम त्रैमास सम्ममा रु. ४.१५ करोड खुद नाफा आर्जन गर्न सफल भएको छ। गत वर्ष सोहि अवधिमा भएको खुद नाफाको दाँजोमा यस समीक्षा अवधिमा मुनाफामा ३८.१९ प्रतिशतको बृद्धि भएको छ। यस समीक्षा अवधिमा आय व्यय हिसावबाट रु. ४१.६७ करोड जीवन बीमाकोषमा सारी कुल जीवन बीमाकोष रु. ३.०२ अर्ब भएको छ जुन गत बर्ष सोही अवधिसम्मको कुल जीवन बीमाकोष रु. १.३९ अर्बको तुलनामा ११७ प्रतिशतको बृद्धि हो।

कम्पनीले आ.व. २०७८/७९ को प्रथम त्रैमास सम्ममा रु. १६.७३ करोड कुल दावी भुक्तानी गरेको छ। कम्पनीले आ.व. २०७८/७९ को प्रथम त्रैमास सम्ममा रु. ५.४९ अर्ब लगानी गर्न सफल भएको छ, जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. ३.४४ अर्ब मा ५९.५० प्रतिशतको बृद्धि हो।

**ख) सम्बन्धित पक्ष (Related Party) बीच भएको कारोबार सम्बन्धी विवरण :** समीक्षा अवधिमा प्रचलित नियम कानूनको अधिनमा रहि संचालकसंग सम्बन्धित संस्थामा कार्यरत कर्मचारी तथा संचालकसंग सम्बन्धित व्यक्तिको बीमा सम्बन्धि कारोबारको विवरण निम्नानूसार छ।

| | |
|---|---|
| **कारोबारको किसिम :** संचालकसंग सम्बन्धित व्यक्ति वा संस्थामा कार्यरत कर्मचारीको जीवन बीमाशूल्क बापतको आम्दानी | **कारोबार रकम :** रु. ७२,२८३ |

**ग) प्रमुख बित्तीय अनुपातहरु :** बीमाङ्कीय मुल्यांकन पश्चात प्राप्त हुने मुनाफा जोड्दा वित्तीय अनुपातहरु फरक पर्न सक्छ।

| | |
|---|---|
| **प्रति शेयर आम्दानी (वार्षिकरण)* :** रु. ७.९२ | **मूल्य आम्दानी अनुपात :** ६३.४८ |
| **प्रति शेयर नेटवर्थ :** रु. ११३.९४ | **प्रति शेयर कुल सम्पत्तिको मूल्य :** रु. २५७.८३ |

* प्रति शेयर आम्दानी गणना गर्दा अन्तिम शेयर संख्या लिएको छ।

**२. व्यवस्थापकिय विश्लेषण:**

(क) कम्पनीको आ.व. २०७८/७९ को प्रथम त्रैमासिक अवधिमा कुल बीमाशुल्क रु. ७९.५८ करोड रहेको छ जुन गत आ.व. को सोही अवधिमा प्राप्त कुल बीमा शुल्क रु. ४८.२८ करोडको तुलनामा ६४.८४ प्रतिशतले वृद्धि भएको हो। त्यसैगरी संकलित प्रिमियम तथा जगेडा कोषहरुमा रहेको रकमलाई दीर्घकालीन/अल्पकालीन मुद्रा बजारका उपकरणहरुमा लगानी गरी ब्याज आर्जन गर्न सफल भएको छ।

(ख) बीमा शिक्षा, बीमा सचेतना, बीमा विस्तार लगायतका काममा अग्रसर रही बजारको माग अनुरुप नयाँ बीमा योजनाहरु प्रस्तुत गरी समग्रमा बिमीतहरुको हितलाई केन्द्रविन्दुमा राखी बीमा बजार विस्तार गर्दै सेवाग्राहिहरुलाई व्यावसायिक बीमा सेवा उपलब्ध गराउने कार्य जारी छ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण:** सो नभएको।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण :** (क) शेयरको मुल्य बजारमा हुने कारोवारले निर्धारण गर्दछ।

(ख) त्रैमासिक अवधिको शेयर कारोवारको विवरण :

| | | |
|---|---|---|
| **अधिकतम मूल्य :** रु. ७२३ | **न्यूनतम मूल्य :** रु. ४८९.२० | **अन्तिम मूल्य :** रु. ५०२.५० |
| **कारोबार संख्या :** १४,०२,०३१ कित्ता | **कारोबार दिन :** ५९ | |

**५. समस्या तथा चुनौती:** जीवन बीमाक्षेत्रका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार रहेका छन् :

- नेपालका सम्पूर्ण भूभागमा जीवन बीमा सम्बन्धि सचेतना फैलाउने कार्य भइरहेको भएतापनि देशको विकटतम भौगोलिक स्थितीका कारण धेरै स्थानमा जीवन बीमा सम्बन्धि सचेतना कार्यक्रम, बीमा शिक्षाका कार्यक्रमहरु नियमित रुपले सञ्चालन गर्न अनुकुल नभएको कारण अझ पनि जनमानसमा जीवन बीमा बारे जनचेतनाको कमी रहनु।
- सिमित लगानीका क्षेत्रहरु।
- विगत केहि समयदेखि विश्वव्यापी महामारीका रुपमा देखापरेको कोभिड १९ ले विश्व तथा नेपालको अर्थतन्त्रमा पारेको प्रतिकुल असरहरु।
- नयाँ योजानाहरु जारी गर्न अनुसन्धान तथा विकासको लागि प्रर्याप्त र अधावधिक तथ्याङ्कको अभाव।
- जीवन बीमा व्यवसायमा व्यवसायिक अवधारणाको विकास द्रुत गतिमा हुन नसकेको।

**६. संस्थागत सुशासन :** विद्यमान ऐन कानून तथा नियमन निकायबाट जारी गरिएका निर्देशनको पालना गर्नुका साथै कम्पनीको सञ्चालक समितिले समय समयमा निर्णय गरी लागु गरेका विभिन्न निति नियमहरु बमोजिम व्यवसायिक सुशासन तथा पारदर्शिताका आधारमा आफ्नो कार्यसम्पादन गरिआएको छ। साथै कम्पनीका सञ्चालक एवं व्यवस्थापन तहका पदाधिकारीहरु रहने गरी लेखापरिक्षण समिति, आर्थिक समिति, लगानी समिति, मानव संसाधन समिति, जोखिम व्यवस्थापन समिति, दावी भुक्तानी समिति, वित्तीय सल्भेन्सी र पूनर्बीमा समिति, कर्मचारी सम्बन्ध समिति र आवश्यकता अनुसार सञ्चालक र व्यवस्थापनका पदाधिकारीहरुको संलग्नतामा समेत विभिन्न समिति/उपसमितिहरु मार्फत सामूहिक रुपमा निर्णयहरु गरी जोखिमलाई कमी गर्ने, उच्चस्तरीय तथा आधुनिक सूचना प्रविधिको उपयोग गरी स्वतन्त्र रुपमा नियमित आन्तरिक लेखापरिक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाई संस्थागत सुशासनको पालना उच्च रुपमा गरिआएको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:** आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तत्थ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।


**रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड**
नयाँ बानेश्वर, काठमाडौं, सम्पर्क: ०१-५९७०४००
info@relifeinsurance.com, www.relifeinsurance.com